## संविधानसभा
## क्षमता अभिबृद्धि तथा स्रोत व्यवस्थापन समितिको विस्तृत कार्यतालिका, २०६५
(संविधानसभा नियमावली २०६५ को नियम ७४ को उपनियम १ खण्ड (क) संग सम्वन्धित)

**२०६५।८।१ को संविधान सभावाट पारित कार्य तालिका अनुसार २०६५।९।१ देखि २०६७।२।१४ सम्म समितिले गर्ने कार्यहरुको तालिका:**

| क्र.सं | मुख्य गतिविधि | कार्य अवधि | विभिन्न निकायले गर्ने | समितिले गर्ने | क्रियाकलाप | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | समितिका सभापति को निर्वाचन । | यथाशिघ्र गर्ने । | सम्मानतीय अध्यक्ष्यज्यूले समितिका सभापतिको निर्वाचन मिति तोक्ने । | तोकिएको मितिमा समितिले सभापतिको निर्वाचन गर्ने । | - | |
| २. | कार्यसूची तयार गर्ने । | २०६५ साल पुष १५ गते भित्र तयार गरिसक्ने । | - | समितिले पारित गर्ने । | - छलफल गर्ने ।<br>- निर्णयमा पुग्ने । | |
| ३. | संविधानसभाका सवै समितिहरुवाट क्षमता अभिवृद्धि सम्वन्धी कार्यक्रमहरु माग गर्ने । | २०६५ साल पौष मसान्त भित्र । | सम्वन्धित समितिहरुले गर्ने क्षमता अभिवृद्धि सम्वन्धी कार्यक्रमहरुको माग उपलब्ध गराई दिने । | तोकिएको समयभित्र मागहरुको संकलन गरी व्यवस्थित गर्ने । | - | |
| ४. | कार्यसूची अनुसारको कार्यतालिका तयार गर्ने । | २०६५ साल पुष १५ गते भित्र तयार गरिसक्ने । | सभापतिहरुको संयुक्त वैठकले पारित गर्ने । | पारित कार्यतालिका अनुसार समितिका क्रियाकलाप अगाडी वढाउने । | - | |
| ५. | क्षमता अभिवृद्धि तथा श्रोत व्यवस्थापन समितिको लागि कार्यालय स्थापना गर्ने । | २०६५ साल पौष मसान्त सम्म । | संविधान सभा सचिवालयले गर्ने । | | | समितिको कार्यप्रकृति प्रशासनिक र व्यवस्थापकिय किसिमको भएको हुँदा समितिका मा. सभासद्हरुको नियमित भेटघाट र छलफल भइरहनु अति आवश्यक भएकोले सो कार्यको लागि समितिको सभापति कक्षसंगै समितिको कायालय पनि स्थापना हुनुपर्ने । यस्तो व्यवस्था भएमा समितिले आफ्नो कार्य व्यवस्थित र प्रभावकारी रुपले संचालन गर्न सहज र सुगम हुने । |

-४-

| क्र.सं | मुख्य गतिविधि | कार्य अवधि | विभिन्न निकायले गर्ने | समितिले गर्ने | क्रियाकलाप | कैफियत |
|---|---|---|---|---|---|---|
| ६. | श्रोत जुटाउने:<br>- स्वदेशी<br>- विदेशी | २०६५ साल पौष मसान्त सम्ममा स्वदेशी श्रोत यकिन गर्ने र विदेशी दाताहरुको पहिचान गर्ने । | संविधानसभा सचिवालयले श्रोत जुटाउने कार्यमा समितिलाई सहयोग गर्ने । | - श्रोतहरुको यकिन गर्ने ।<br>- श्रोत जुटाउने कार्यमा समन्वय गर्ने । | वैदेशिक दातृ नियकायहरुसंग वसी २०६५ माघ १५ गते सम्ममा छलफल गरिसक्ने । | |
| ७. | विशेषज्ञ (विषय विज्ञ) सेवाको पहिचान । | २०६५ साल पौष मसान्त । | कार्यव्यवस्था परामर्श समितिले विशेषज्ञ सेवा यकिन गरी ToR स्वीकृत गर्ने । | पहिचान भई स्वीकृत भएका विशेषज्ञ सेवाको सदुपयोग गर्दै जाने । | ToR अनुसारका गतिविधि संचालन गर्ने | |
| ८. | क्षमता अभिवृद्धि सम्वन्धी एकिकृत कार्यक्रम तयार गर्ने । | २०६५ साल माघ १५ गते सम्म । | - | संविधानसभाका सवै समितिहरुवाट प्राप्त मागहरुलाई समेटेर एकिकृत कार्यक्रम तयार गर्ने । | | |
| ९. | संविधानसभा सचिवालय र यस अन्तर्गत कार्यरत कर्मचारीहरुको क्षमता अभिवृद्धि सम्वन्धी कार्यक्रम संचालन गर्ने । | २०६५ साल माघ ससान्त सम्म । | संविधानसभा सचिवालयले तालिम कार्यक्रमहरुको संयोजन गर्ने । | तालिम कार्यक्रमको स्वीकृति दिने । | संविधानसभा सचिवालय र समिति सचिवालयवाट माग भइआएका आवश्यकता अनुसारका तालिमहरु संचालन गर्ने । | |
| १०. | श्रोत केन्द्रको स्थापना गर्ने । | २०६५ साल पौष मसान्त भित्र । | संविधान सभा सचिवालयले व्यवस्थापन गर्ने । | समन्वय गर्ने । | - | |
| ११. | श्रोत केन्द्रले आवश्यक श्रोत सामाग्रीहरु उपलब्ध गराउने । | निरन्तर | - | - समन्वय गर्ने ।<br>- स्वीकृति दिने । | विभिन्न समितिको माग अनुसार श्रोत सामाग्रीहरु उपलब्ध गराउँदै जाने । | |

| क्र.सं | मुख्य गतिविधि | कार्य अवधि | विभिन्न निकायले गर्ने | समितिले गर्ने | क्रियाकलाप | कैफियत |
|---|---|---|---|---|---|---|
| १२. | -पुस्तकालयको सुदृढिकरण गर्ने ।<br>- पुस्तकालयसंगै संविधानसभा सम्वन्धि सामाग्री सहितको छुट्टै कक्षको स्थापना गर्ने । | - निरन्तर ।<br>- यथाशिघ्र । | संविधानसभा सचिवालयले व्यवस्थापन गर्ने । | पुस्तकालयलाई आवश्यक सन्दर्भ सामाग्री तथा पुस्तकहरुको व्यवस्था गर्न स्वीकृति दिने । | सवै समितिहरुवाट माग भएका सन्दर्भ सामाग्रीहरु आपूर्ति गर्दै जाने । | |
| १३. | संविधानसभाका सवै मा. सदस्यहरुलाई इमेल, इन्टरनेट सुविधा उपलब्ध गराउने । | अविलम्व | संविधानसभाका सं. अध्यक्षज्यूवाट स्वीकृति लिनुपर्ने । | समितिले कार्यान्वियनको समन्वय र अनुगमन गर्ने । | संविधानसभा सचिवालयले कार्यान्वयन गर्ने । | |
| १४. | विद्युतिय संचार क्षेत्रमा क्षमता अभिवृद्धिका लागि इलेक्ट्रोनिक सामानहरुको व्यवस्था गर्ने । | २०६५ साल माघ मसान्त भित्र । | संविधान सभाका सं. अध्यक्षज्यूवाट स्वीकृति लिनुपर्ने । | समितिले कार्यान्वियनको समन्वय र अनुगमन गर्ने । | सवै सभासद तथा यस समितिमा कार्यरत कर्मचारीहरु समेतलाई ल्यापटपको व्यवस्था गर्ने । | |
| १५. | संविधानसभाका सदस्यहरुलाई प्राप्त हुने इलेक्ट्रोनिक सामानहरुको प्रयोग गर्ने सम्वन्धमा तालिमको व्यवस्था गर्ने । | २०६५ फागुन १५ गते सम्म । | संविधानसभा सचिवालयले तालिम कार्यक्रमको संयोजन गर्ने । | तालिम कार्यक्रमको स्वीकृति दिने । | स्वीकृत कार्यक्रमअनुसार तालिम संचालन गर्ने । | |
| १६. | संविधानसभाका विषयगत समितिहरुलाई आवश्यक पर्ने विभिन्न गोष्ठी, सेमिनार, अर्न्तक्रिया आदि कार्यक्रमको आयोजना गर्ने । | - मुख्यत २०६५ साल फाल्गुण/चैत्र महिना भित्र ।<br>- तत्पश्चात पनि आवश्यकता अनुसार कार्यक्रमहरु संचालन गर्दै जाने । | समितिका सभापतिहरुको संयुक्त वैठकले स्वीकृत गर्ने । | समन्वय गर्ने । | सम्वन्धित समितिहरुवाट माग पहिचान भै आएपछि सोही अनुसार कार्यक्रम संचालन गर्ने । | |

-१४-

| क्र.सं | मुख्य गतिविधि | कार्य अवधि | विभिन्न निकायले गर्ने | समितिले गर्ने | क्रियाकलाप | कैफियत |
|---|---|---|---|---|---|---|
| १७. | संवैधानिक विषयवस्तुमा अध्ययन, अनुसन्धान गर्ने । | आवश्यकता अनुसार निरन्तर । | सम्माननीय अध्यक्षज्यूवाट स्वीकृति लिने । | कार्यान्वयन गर्ने । | आवश्यकता अनुसार अध्ययन अनुसन्धान भ्रमण गर्ने । | |
| १८. | संविधानसभाका सबै मा. सदस्यहरुको क्षमता अभिवृद्धि गर्न वैदेशिक स्थलगत अध्ययन भ्रमण गराउने । | आवश्यकता अनुसार गर्दै जाने । | सं. अध्यक्षज्यूले स्वीकृति दिने । | समन्वय गर्ने | सम्वन्धित समितिको माग अनुसार भ्रमण कार्यक्रमहरु लाई संविधासभा सचिवालयले कार्यान्वयन गर्ने । | |
| १९. | समितिको प्रतिवेदन तयार । | २०६७ जेष्ठ महिना सम्म । | - | प्रतिवेदन तयार गरी संविधानसभामा पेश गर्ने । | - | |

पुनश्चः उल्लेखित कार्यतालिका अनुसार कुनै काम तलमाथि पर्न गएमा वा कुनै कार्यक्रम छुट्न गएमा समितिले कार्यक्रम परिवर्तन तथा थपघट गर्न सक्नेछ ।

समितिवाट पारित मितिः २०६५।९।  ।

## विशेषज्ञ सेवाका सम्वन्धमा:

१) एक पटकमा ३०० सम्म सहभागी रहन सक्ने साधन सम्पन्न हल भएको वढीमा २ वटा तालिम केन्द्रहरुसंग संझौता गरी आवश्यकता अनुसार उक्त केन्द्रहरुको श्रोत साधान समेत प्रयोग गरी आवश्यकता अनुसार तालीम, गोष्ठी, सेमिनार, वर्कसपहरु संचालन गर्दै जानुपर्ने ।

२) संविधानसभाका १४ वटै समितिहरुको लागि चाहिने श्रोत सामाग्रीहरु माग भएका वखत उपलब्ध गराउन सक्ने साधान/श्रोत (मानविय र भौतिक) युक्त एक श्रोत केन्द्र स्थापना गरी सोवाट संविधान निर्माण कार्य पूरा नभएसम्मको लागि आवश्यक श्रोत सामाग्रीहरु उपलब्ध गराउदै जाने व्यवस्था मिलाउनु पर्ने ।

३) गोष्ठी, सेमिनार आदिमा हरेक समितिको प्रकृति अनुसार विशेषज्ञहरु (paper presentator, commentator, facilitator लगायतका Resource person) को आवश्यक परिरहने । अन्य १३ वटा समितिले नियुक्ति गर्ने विज्ञहरुलाई समेत आवश्यकता अनुसार यस समितिले उपयोगमा ल्याउने व्यवस्था मिलाउनु पर्ने ।

४) विषयगत समितिहरुवाट content based workshop माग भएमा सो को लागि सम्वन्धित विषयका विशेषज्ञ आवश्यक पर्ने हुँदा संवैधानिक विधिसास्त्रका विशेषज्ञ एवं समितिको क्षेत्रसंग सम्वन्धित विषय विज्ञहरुको सेवा समितिलाई आवश्यक पर्ने ।

संविधानसभा सदस्य र कर्मचारीहरुको क्षमता अभिबृद्धिको लागि आवश्यक कार्यक्रमहरु:-

१) जनमत संकलनका सम्बन्धमा जनतावाट प्राप्त सूचना तथा तथ्यांङ्कहरुलाई व्यवस्थित गर्ने सीप विकासका सम्बन्धमा सम्बन्धित संचारकर्मी तथा तथ्याङ्कविद्संग कार्यशाला गोष्ठीको आवश्यकता,

२) जनताका वीच्च संविधान निर्माण सम्बन्धमा सुझाव लिन जाँदा कुन कुन विषयमा जानकारी लिने भनी पहिचानको लागि कार्यशाला / गोष्ठीको आवश्यकता,

३) संविधानसभावाट संविधान निर्माण भएका राष्ट्रहरुका संविधानको वारेमा कार्यशाला / गोष्ठी तथा स्थलगत भ्रमणको व्यवस्था,

४) विद्युतीय संविधानसभा (E- Parliament) सम्बन्धी कार्यक्रमको लागि कम्प्यूटरको आधारभूत तालिमको आवश्यकता,

५) विभिन्न मोडलका संविधानहरुको वारेमा कार्यशाला गोष्ठीको आवश्यकता,

६) संविधानको अवधारणा र संविधानको मस्यौदा तयार गर्दा अपनाउनु पर्ने आधारभूत सिद्धान्तहरुका वारेमा विशेषज्ञहरुसँग कार्यशाला / गोष्ठीको व्यवस्था ।

क्षमता अभिबृद्धिका लागि आवश्यक पाठ्यसामाग्रीहरुको
विषयगत क्षेत्र

१. संविधानसभावाट निर्माण भएका संविधान लगायत विभिन्न मोडेलका विश्वका प्रमुख संविधानहरु,

२. राज्य पुर्नसंरचना सम्बन्धी पाठ्य सामाग्री,

३. अध्ययन, अनुसन्धान र संचार सीप सम्बन्धी पाठ्य सामाग्री ।